आज मिति २०७४।०५।११ गते राप्ती नगर कार्यपालिकाको सातौ वोर्डवैठक नगरप्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा निम्न बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावमा छलफल गरि निर्णय गरियो ।

उपस्थिति :

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अरविका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : कार्यकारी अधिकृत श्री गंगा बहादुर भुजेल

लेखा अधिकृत : श्री मुक्ति प्रसाद चापागाई

कम्प्यूटर अपरेटर : श्री रमेश चौधरी

प्रस्ताव नं १ श्रद्धाञ्जलि र संवेदना सम्बन्धमा ।
प्रशताव न २ क्षेतिको पूर्व विवरण र राहतको माग ।
प्रशताव नं ३ यस अगाडि भएको कार्यपालिकाको निर्णय कार्यान्वयन सम्बन्धमा ।
प्रशताव नं ४ विषयगत कार्यालयको बजेट सम्बन्धमा ।
प्रशताव नं ५ आ.व. ०७४।०७५ को योजना कार्यान्वयन सम्बन्धमा ।
प्रशताव नं ६ आर्थिक सहायताको अनुमोदन गर्ने सम्बन्धमा ।
प्रशताव नं ७ लिलाम विक्रि सम्बन्धमा ।
प्रशताव नं. ८ खरिद समिती सम्बन्धमा ।
प्रशताव नं. ९ पदपूर्ति समिति सम्बन्धमा ।
प्रशताव नं. १० योजना अनुगमन समिती सम्बन्धमा ।
प्रशताव नं. ११ नगर कार्यपालिका र वडाको नियमिती बैठक मिती तोक्ने सम्बन्धमा ।
निर्णयहरु

निर्णय नं. १ मिती २०७४।४।२८ र २९ गते आएको बाढीमा परी मृत्यु हुने वडा नं. ६ का फुलमाया प्रजा, वडा नं. ७ का गोमन कुमारी रानाभाट र वडा नं. १३ का रण बहादुर प्रजालाई मृत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तृत परिवार प्रति हार्दिक संवेदना प्रकट गर्ने निर्णय गरियो ।

निर्णय नं. २ मिती २०७४।४।२८ र २९ गते आएको बाढीमा परी मृत्यु हुने परिवारलाई यस नगर कार्यपालिकाबाट एक परिवार बराबर रु१००००। दिने र क्षतिको यथार्थ विवरण तयार गरी विभिन्न निकायमा पठाउनुको साथै सहयोगको माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ यस वोर्ड बैठक भन्दा अगाडि भएका कार्यापालिकाको बैठकको निर्णयहरु प्रायजसो कार्यान्वयन भइ सकेको र कार्यान्वयन नभएका निर्णयहरु तुरुन्तै कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ विभिन्न विषयगत समितीको संयोजकहरु समेतमा बैठकबाट विषयगत कार्यालयको बजेट टुङ्गो लगाउने निर्णय गरियो ।

निर्णय नं. ५ आ.व. ०७४।०७५ को प्रथम चौमासिक बजेट निकासा प्राप्त भइ सकेको हुदा प्रथम नगर सभाबाट स्वीकृत योजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ यस आ.व.को श्रावण महिनामा विपन्न तथा असाय नगरबासिहरुलाइ तपसिल अनुसार आर्थिक सहयोग गरेको हुदा खर्चको अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र स | आर्थिक सहायता विवरण | रकम |
|---|---|---|
| १ | भगवती ठकुरी | ५००० |
| २ | सावित्री क्षेत्री | ५००० |
| ३ | गर्भे परियार | ३००० |
| ४ | रोहिणी प्रसाद पराजुली | ३०००० |
| ५ | गौतम समाज | ५००० |
| ६ | कालि ब. तमाङ | ३००० |
| ७ | रोजिना तमाङ | ३००० |
| ८ | सञ्जय पुन | ५००० |
| ९ | धन बहादुर श्रेष्ठ | २००० |
| | कुल जम्मा | ६१००० |

निर्णय नं. ७ यस नगरपालिकामा काम नलाग्ने पुराना सामानको विक्रि वितरणको लागि प्रतिनिधिहरु मुल्याङ्कन गर्न बोलाउदा नआएकोले लामो अवधि सम्म राख्दा सामानहरु चोरी हुने र पूर्ण क्षेती हुने अवस्था रहेकोले अर्को व्यवस्था नहदा सम्म निर्वाचित जनप्रतिनिधिहरु समेतको मूल्याकंन समिति गठन गरि उक्त समितिको मूल्याकंनको आधारमा लिलाम विक्रिको प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. ८ यस कार्यालयको लागि विभिन्न सामान खरिद गर्नको लागि तपसिल अनुसार खरिद इकाइ समिती गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक : श्री शमशेर लामा

सदस्य : श्री आइती देवी दराई

सदस्य सचित : ना.सु. श्री चन्द्रकान्त न्यौपाने

निर्णय नं. ९ यस नगरपालिकामा कर्मचारी अभाव भइ रहेने हुदा कर्मचारीको नियुक्ति प्रक्रियाको लागि तपसिल अनुसार नगर उपप्रमुखको संयोजकत्वमा पदपूर्ति समिती गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक : नगर उपप्रमुख श्री इमान सिंह लामा

सदस्य : श्री सार्वजनिक सेवा समितीको संयोजक श्री श्याम सुन्दर उप्रेती

सदस्य सचिव : श्री कार्यकारी अधिकृत

निर्णय नं. १० आ.व. ०७४।०७५ मा संचालन हुने योजना प्रभावकारी बनाउन तपसिल अनुसार योजना अनुगमन समिती गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक : उपप्रमुख श्री इमान सिंह लामा

सदस्य : श्री मेनुका पाठक

सदस्य : श्री सिद्धिलाल स्याङतान

निर्णय नं. ११ यस नगरपालिकाको नगर कार्यपालिकाको नियमित बोर्ड बैठक प्रत्येक महिताको १६ गते बस्ने र वडा समिती नियमिती बैठक, वडा नं. अनुसारको मितीमा बस्ने निर्णय गरियो । उदाहरणको लागि वडा नं. १ को प्रत्येक महिनाको १ गते, वडा नं. २ को २ गते ।